# प्रदेश सभाको बैठकमा २०८१ असाढ १ गते शनिबार

# अर्थमन्त्री भरत प्रसाद शाहले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्य

मधेश प्रदेश सरकार

अर्थ मन्त्रालय

जनकपुरधाम, नेपाल

२०८१

***www.mof.madhesh.gov.np***



CamScanner

**माननीय सभामुख महोदय,**

१. यस गरिमामय प्रदेश सभा बैठकमा मधेश प्रदेश सरकारको अर्थ मन्त्रीको हैसियतले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु।

२. नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न काल खण्डमा भएका जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन, स्वराज आन्दोलन, लगायत विभिन्न पहिचान तथा अधिकार प्राप्तिका आन्दोलनहरुमा आफ्नो अमूल्य जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहीदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै घाइते र बेपत्ता हुनु भएका वीर योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु।

३. मधेश प्रदेश सरकार मधेशी, आदिवासी, दलित, जनजाति, महिला, मुस्लिम, थारु, पिछडावर्ग लगायत अन्य सिमान्तकृत समुदायले गरेको गौरवपूर्ण संघर्षलाई उच्च सम्मान गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशिता, आरक्षण, समानुपातिक प्रतिनिधित्व, समानता, मानव अधिकार, सामाजिक न्यायमा आधारित समतामुलक समाज निर्माणको लागि गरेको संघर्षलाई सफल पार्न तथा शहादत प्राप्त वीर शहीदहरुको सपनालाई सकार पार्ने प्रतिवद्धता व्यक्त गर्दछु।

४. विधमान अर्थतन्त्रको चुनौति तथा समृद्ध मधेश प्रदेश निर्माणको आकांक्षालाई पुरा गर्न उर्बर कृषि भुमिको सदुपयोग गर्दै कृषि क्षेत्रमा रहेको पारम्परिक तथा निर्वाहमुखी खेति प्रणालीलाई व्यवसायिकता तर्फ रुपान्तरण गर्दै उद्यमशिलता विकास, लगानी प्रवर्द्धन गरी ,रोजगारी सिर्जना गर्ने र उच्च आर्थिक बृद्धि हाँसिल गर्ने तर्फ बजेट परिलक्षित छ।

५. विभिन्न कालखण्डमा भएका राजनीतिक परिवर्तन तथा जनताको संघर्ष र बलिदानको फलस्वरुप प्राप्त भएको संघीय शासन प्रणालीमा जनतासामु



CamScanner

सरकारको सकारात्मक उपस्थिति नभईरहेको परिस्थितिमा सिमित श्रोत साधनको उपलब्धताका बाबजुद जनताको विकासको आकांक्षा सम्बोधन गर्न सक्ने गरी प्रदेशको आर्थिक सामर्थ्य विकास गर्ने चुनौति हाम्रो सामु रहेको छ।

६. भौगोलिक सुगमता, उर्वर भुमि, पुर्वाधारमा सरल पहुँच लगायतका विभिन्न श्रोत साधनहरुले सम्पन्न यो प्रदेश मानव विकास सुचकांक मापनको खास आधारहरुमा कमजोर रहेको देखिन्छ । साक्षरता दर, रोजगारी लगायतका क्षेत्रहरुमा मुलुकका अन्य क्षेत्रभन्दा पछाडी पर्नु तथा उपलब्ध साधन श्रोतको परिचालन हुन नसक्नुले जनतामा प्रदेश सरकारप्रति नकरात्मक दृष्टिकोण सिर्जना भएको हुदाँ यो बजेट मधेश प्रदेशको समग्र आर्थिक समाजिक तथा संस्कृतिक रुपान्तरणमा केन्द्रित हुनेछ।

७. प्रदेश सरकारको प्रशासनिक खर्च लगायत अन्य चालु प्रकृतिका खर्चहरुमा कुल बजेटको ठूलो हिस्सा विनियोजन गर्नुपर्ने अवस्था रहेको कारणले विकास निर्माणसँग सम्बन्धित कार्यहरुको श्रोत व्यवस्थापनमा अत्याधिक चाँप बृद्धि भएको छ।

८. आयोजनाको पुर्वतयारी र प्राथमिकिकरणको अभावले गर्दा पुँजिगत प्रकृतिका खर्चहरुको प्रभावकारीता बढ्न सकेको छैन । सिमित श्रोत साधनहरु वितरणमुखि भई त्यस्ता योजनाहरुले जन चाहना अनुरुप प्रतिफल दिन नसकेको हुँदा स्रोत साधनको समुचित परिचालन मार्फत सार्वजनिक खर्चलाई प्रभावकारी एवं उपलब्धीमुलक बनाउने चुनौति हाम्रो सामु रहेको छ।

९. प्रदेशको आन्तरिक श्रोतको दायरा विस्तार हुन सकेको छैन तथा बजेटको मुख्य अंश अनुदानमा आधारित भएको र समय समयमा संघिय सरकारद्वारा अनुदानमा कटौतीका कारण श्रोत व्यवस्थापनमा जटिलता बढ्दै गएको छ। आन्तरीक आयको लागि करको दायरा बढाउन चुनौतिपुर्ण रहेको छ।



CamScanner

१०. जनतामा सुशासनको प्रत्याभुति दिलाउनुका साथै सार्वजनिक प्रशासनलाई नतिजामुखी, दक्ष, प्रभावकारी, पारदर्शी, व्यवसायिक बनाई प्रदेश सरकारको उदेश्य प्राप्तिको लागि परिचालन गर्नु चुनौतिपुर्ण रहेको छ।

११. मधेश प्रदेशमा कार्यरत कर्मचारीहरुलाई उत्पेररित भएकर प्रदेशभित्र कार्य गर्ने आवश्यक सहज वातावरण सिर्जना गरिएको छ । सो अन्तर्गत प्रदेश निजामती अस्पतालल, सन्ततीका निम्ती छात्रवृती, कर्मचारी आवास विमा लगायत प्रोत्साहन मुलक कार्यहरुको लागि क्रमश: कानुन बनाई कार्यान्वयन गरिनेछ।

१२. विधमान चुनौतिहरुका बावजुद समयानुकुल अर्थतन्त्रका सुचकहरुमा भएका सुधारहरुले गर्दा कृषि क्षेत्र, पर्यटन क्षेत्र, वित्तिय क्षेत्रमा आकार्षण बढ्नुका साथै अर्थतन्त्र चलायमान भएको अवस्थामा अर्थतन्त्रलाई थप सुदृढ गर्न सार्वजनिक वित्तको पुनसंरचना गरी प्रभावकारी राजश्व परिचालन, परिमाणमुखी पुँजिगत खर्च, अनुत्पादक क्षेत्रमा खर्च कटौती एवं सार्वजनिक खर्चमा मितव्ययिता कायम गरी आगामी आ.व को बजेटले निजी क्षेत्रको मनोबल बृद्धि, उद्यमशिलता विकास तथा प्रवर्द्धन, सार्वजनिक सेवा प्रवाहमा मितव्ययितम एवं पार्दशिता कायम गर्ने तर्फ केन्द्रित हुनेछ।

१३. संघियता कार्यान्वयन पश्चात मधेश प्रदेश सरकारले प्रथम आवधिक योजना निर्माण गरी आ.व ०७६/०७७ देखि सुरु भई आ.व ०८०/८१ मा समापनको चरणमा रहेको र उक्त अवधिको सुरुवाती चरणमा मधेश प्रदेशको बहुआयामीक गरिबी दर ४७.९ प्रतिशत रहेकोमा सोमा सुधार भई हाल २४.२ प्रतिशत रहेको छ।

१४. प्रथम आवधिक योजनाको अवधिमा प्रदेश सञ्चित कोषमा विभिन्न विकास साझेदार संस्थाहरुले उपलब्ध गराएको बजेटमध्ये कुल प्राप्त बजेटको २४ प्रतिशत तथा दाताको संयुक्त कोषबाट भएको खर्च प्रगति २९ प्रतिशत मात्र रहेको छ। यस आ.व को बजेटले सो प्रकृतिका बजेट तथा खर्चलाई



CS CamScanner

प्राथमिकता प्रदान गरी समयमा नै सोधभर्ना हुनेगरी सार्वजनिक खर्च प्रणाली अवलम्बन गरिनेछ।

१५. संघिय सरकारसँग हुने सहकार्य र समन्वय बढाई प्रदेश सरकारले सञ्चालन गर्ने वित्तिय हस्तान्तरणका कृयाकलापहरुलाई मितव्ययी र पारदर्शी बनाउन वित्तीय हस्तान्तरण प्रकृयालाई यसै बजेट मार्फत सम्बोधन गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म मधेश प्रदेशको विधमान आर्थिक अवस्था र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्था प्रस्तुत गर्दछु।

१६. आर्थिक वर्ष २०८०।८१ मा राज्यको प्रचलित भुक्तानीको कुल गृहास्थ उत्पादन मध्ये मधेश प्रदेशको योगदान रु ७ खर्व ४७ अर्व ३३ करोड ४० लाख रहेको छ, जुन कुल ग्रर्हास्थ उत्पादनको १३.१ प्रतिशत हुन आउछ ।

१७. प्रदेशको कुल ग्रर्हास्थ उत्पादनमा सेवा क्षेत्रको योगदान सबभन्दा बढी ५३.९ प्रतिशत रहेको छ तथा कृषि र उधोग क्षेत्रको योगदान क्रमश ३५.३ र १०.८० प्रतिशत रहेको छ ।

१८. आर्थिक वर्ष २०८०।८१ मा मधेश प्रदेशको प्रतिव्यक्ति कुल ग्रहास्थ उत्पादन ८९२ अमेरिकी डलर रहने अनुमान छ ।

१९. आ.व. २०७९।८० मा मधेश प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय आर्थिक वृद्धिदरको तुलात्मक औषतको भन्दा माथि रहे पनि चालु आ.व. मा उपभोक्ता मागमा कमी आउनु,कर्जा विस्तार, उत्पादन मूलक श्रोत न्यून क्षमतामा संचालनहुनु लगायतका आर्थिक क्रियाकलपमा विस्तार हुन नसकेको हुदाँ मधेश प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय औषत ३.८७ प्रतिशत भन्दा तल रहेको छ।

२०. आ.व. २०८०।८१ मा मधेश प्रदेश सरकारको कुल खर्च रु ३१ अर्ब ३४ करोड ५४ लाख ३४ हजार अर्थात कुल विनियोजनको ७१.०५ प्रतिशत हुने संशोधित अनुमान छ । कुल सरकारी खर्च मध्ये चालु खर्च रु १५ अर्ब २२



CamScanner

करोड ५१ लाख ७४ हजार र पुँजिगत खर्च रु १६ अर्ब १२ करोड ०२ लाख ५० हजार खर्च हुने संशोधित अनुमान छ ।

२१. चालु आ.व २०८०।८१ मा कर राजश्व बाट रु १२ अर्ब ८३ करोड २३ लाख अनुदानबाट रु १३ अर्ब ३३ करोड ४० लाख अन्य राजश्वबाट रु १ अर्ब ३७ करोड ८४ लाख तथा विविध प्राप्ति बाट रु ८ अर्ब १० करोड २१ लाख संकलन हुने अनुमान छ । त्यसैगरी आन्तरीक ऋण बाट रु २ अर्ब संकलन हुने अनुमान छ।

**माननीय सभामुख महोदय,**

२२. मधेश प्रदेशको समग्र सार्वजनिक वित्त व्यवस्थापन क्षेत्रमा रहेको विधमान अवस्था तथा भविष्यमा गर्नुपर्ने सुधारहरुको सन्दर्भमा संघिय सरकारसँगको समन्वयमा स्वमूल्यांकन प्रणालीमा आधारित गरि सार्वजनिक खर्च वित्तिय जवाफदेहिता मुल्यांकन गरी विनियोजन दक्षता र खर्च कुशलताको स्थितिको जानकारी लिई सो अनुसार क्षमताको विकास गर्दै वैदेशिक सहायतालाई उत्पादनशील क्षेत्रमा परिचालन गर्दै आयोजना कार्यान्वयनको पक्षलाई सुधार गरि आर्थिक वर्षको सुरुवाती चरणबाट नै आयोजना कार्यान्वयनहुने वातावरण निर्माण गरिने छ ।

**माननीय सभामुख महोदय,**

**अब म बजेट तथा कार्यक्रमहरुको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरुको बारेमा चर्चा गर्न गईरहेको छु।**

२३. कृषि क्षेत्रलाई प्रदेशको सफलताको रुपमा लिई थप प्रोत्साहन हुनेगरी बजेट तथा कार्यक्रम समावेश गर्न प्रथमिकता दिएको छ ।

२४. संविधानले निर्दिष्ट गरे अनुसार प्रदेशको आन्तरिक स्रोत परिचालन गर्न राजस्व संकलनको दायरा प्रभावकारी गराउने विषय प्राथमिकतामा रहेको छ ।



CS CamScanner

२५. कार्यान्वयन योग्य आयोजना छनौट गर्ने अभ्यासमा रहेको कमजोरीलाई सम्बोधन गर्न समयमा नै कार्यान्वयन प्रकृया अघि बढाउने गरी बजेटलाई प्राथमिकिकरण गरिएको छ ।

२६. मधेश प्रदेशले अर्थतन्त्रमा उच्च योगदान दिन सक्ने देखिएका कृषि, उद्योग र सेवा क्षेत्रहरुमा सार्वजनिक लगानी बढाउने र निजी लगानीलाई प्रोत्साहन गरी अर्थतन्त्रको आधार मजबुत बनाउने किसिमले विषय क्षेत्रगत नीति तथा कार्यक्रममा सुधार गर्दै लैजाने गरी कार्यक्रम प्रस्तुत गरिएको छ ।

२७. संघीय स्वरुप अनुसार तीन तहका सरकारको संरचनागत व्यवस्था अनुसार सहकारितामा आधारित कार्यान्वयन प्रणालीमा योगदान गर्ने किसिमका उदार नीति अवलम्बन गरी प्रदेशले स्थानीय तहसँगको सहकार्य र समन्वय सवल गराउने गरी कार्य गर्न प्राथमिकता दिईएको छ ।

२८. सन् २०३० सम्म हासिल गर्नुपर्ने दिगो विकास लक्ष्य अनुसारको प्रदेशका तर्फवाट गर्नुपर्ने योगदान, प्रदेश सरकारको नीति तथा कार्यक्रम र निर्वाचनका समयमा राजनितिक दलहरुले गरेका प्रतिबद्धता समेतका आधारमा यो बजेट तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

२९. राष्ट्रिय अर्थतन्त्रको दरिलो आधार मधेश प्रदेश भन्ने भावका साथ कृषि क्षेत्र एवं उद्योगहरुमा लगानी केन्द्रित गरी उत्पादन र उत्पादकत्व बढाउने, उत्पादन मूलक उद्योग र सेवा क्षेत्रको विस्तार गर्ने, साँस्कृतिक एवं पर्यापर्यटनको माध्यमबाट मधेशलाई खास गन्तव्यको रुपमा विकास गर्दै लैजाने, पूर्वाधार क्षेत्रको विकास मार्फत अन्य आर्थिक गतिविधि बढाउने विषय प्राथमिकतामा रहेको छ ।

३०. सामाजिक न्याय र समविकास संघीयताको सबलीकरण, सन्तुलित विकास यस बजेटको प्राथमिकता हो ।

३१. जवाफदेही बजेट प्रणाली र आर्थिक सुशासनका लागि बजेट क्रियाकलाप निर्धारण गर्दा नै कार्यान्वयन गर्ने निकाय र काम यकीन गराइएको छ।



CamScanner

स्वीकृत मापदण्ड र कार्यविधि अनुसार काम गर्नुपर्ने परियोजना बाहेक अन्यमा एकमुष्ट रुपमा खर्च राखी पछि बाँडफाँट गर्ने गरी रकम विनियोजन गर्ने अभ्यासलाई निरुत्साहित गरिएको छ।

## माननीय सभामुख महोदय

अब म आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्न चाहन्छु।

## कृषि तथा कृषि पूर्वाधार रुपान्तरण र सहभागिता

३२. "कृषिको मुख्य आधार, माटोको स्वास्थ्य सुधार" भन्ने अभियान सञ्चालन गरी किसानहरुलाई प्राङगारिक खेति तर्फ आकर्षित गर्न माटो स्वास्थ्य सुधार र प्राङ्गारिक मल उत्पादन तथा वितरण कार्यक्रममा रकम विनियोजन गरेको छु ।

३३. कृषि विद्युतीकरणलाई प्रदेश गौरवको परियोजनाको रुपमा विकास गर्दै कृषि विद्युतीकरणलाई विस्तार, निःशुल्क कृषि मिटर, सिचाँई प्रयोजनका हरेक निर्वाचन क्षेत्रका कृषि विद्युतीकरण कार्यक्रममा रकम विनियोजन गरेको छु।

३४. कृषि प्रसार सेवाको पहुँच बढाउन किसानको वारी स्वयंसेवकको छहारीको सोचलाई सार्थक तुल्याउन प्रदेशभर ५०० महिला कृषि स्वयमसेविका परिचालन गर्न रकम विनियोजन गरेको छु।

३५. मधेश प्रदेशका किसानहरुको लागि किसान कार्ड तथा पेन्सन योजना सुरुवात गर्न आवश्यक बजेट विनियोजन गरको छु।



CamScanner

३६. धान, गहुँ, तेलहन, दलहनवालीको बीउमा मधेश प्रदेशलाई आत्मनिर्भर बनाउन बिज बृद्धि कार्यक्रम परियोजनाको रुपमा संचालन गर्न विउ विजन आत्मनिर्भर कार्यक्रममा रकम विनियोजन गरेको छु।

३७. निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिकीकरण, व्यवसायिकीकरण, बजारीकरण र यान्त्रिकीकरणमा रुपानान्तरण गरी किसानहरुको सहज बजार पहुँचको लागि कृषि सडक निर्माणको लागि रकम विनियोजन गरेको छु।

३८. कृषि, पशुपन्छी र मत्स्य क्षेत्रहरुको प्रवर्द्धनका लागि एक पालिका एक कृषि उत्कृष्टता केन्द्र(Excellency center)को स्थापनाका लागि रु रकम विनियोजन गरेको छु ।

३९. पशुहरुमा लाग्ने खोरेत रोगको कारणवाट वर्षेनी पशुधनमा क्षति पुग्ने गरेको तथा दूध मासुको गुणस्तरमा समेत प्रत्यक्ष असर पुर्याएको हुनाले निश्चित स्थानलाई Zoning र Compartmentalization निर्धारण गरि प्रभावकारी रुपमा कार्यक्रम संचालन गर्दै प्रदेशलाई खोरेत रोग मुक्त क्षेत्र कार्यक्रम लागि रकम विनियोजन गरेको छु।

४०. स्थानीय तहसँग समन्वय गरी मधेश प्रदेशका १३६ वटै स्थानिय तहमा पशु नश्ल केन्द्र स्थापना तथा संचालनका लागि रु. ५ करोड २८ लाख रकम विनियोजन गरेको छु।

४१. पशुपन्छीमा आहाराको भूमिका महत्वपूर्ण हुने यथार्थलाई आत्मासाथ गर्दै उत्पादन र उत्पादकत्व बृद्धि गर्न गुणस्तरीय एवं सन्तुलित आहाराको सहज उपलव्धताको लागि रकम विनियोजन गरेको छु।

४२. हरवा चरवा, विपन्न, गरिव, भूमिहीन तथा सामाजिक रुपमा पिछडिएका साना कृषकहरु, एकल महिला लगायतका लक्षित वर्गहरुका परिवारको आय आर्जन तथा जिविकोपार्जनमा टेवा पुर्‍याउन स्वरोजगारमूलक विशेष कार्यक्रम संचालन गर्न रकम विनियोजन गरेको छु।



CS CamScanner

४३. माछा पालन तथा मत्स्य बीज व्यवसायलाई दिगो व्यवस्थापन गर्न उत्पादन देखि बजारीकरण सम्म मूल्य श्रृंखलामा आधारित विशेष परियोजना संचालनका लागि रकम विनियोजन गरेको छु।

४४. उखुको उत्पादन र उत्पादकत्व वृद्धि गर्न उखु वाली प्रवर्द्धनका लागि रकम विननियोजन गरेको छु।

४५. कृषिमा यन्त्र उपकरण प्रयोग, उत्पादन वृद्धिमा सहयोग पुर्‍याउन प्रदेशिक कृषि औजार केन्द्र स्थापना तथा एक पालिका एक कृषि लाईब्रेरी का लागि रकम विनियिजन गरेको छु।

४६. मूल्य श्रृंखलामा आधारित फलफूल र तरकारी खेति प्रबर्द्धनका लागि रकम विनियोजन गरेको छु।

४७. कृषि, पशुपन्छी तथा मत्स्यको उत्पादन र उत्पादकत्व वृद्धि गर्न र अनुदान कार्यक्रमलाइ व्यवस्थित बनाउन एक पालिका एक एग्रोभेट संचालन गर्ने व्यवस्था मिलाएको छु।

४८. कृषि र पशुपन्छीमा लाग्ने विभिन्न रोग/महामारी/किराहरुको नियन्त्रण, रोकथाम, उपचार र परामर्शका लागि आवश्यक रकम विनियोजन गरेको छु।

४९. सिंचाई क्षेत्र बृद्धि गरि कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्न बोरीङ्ग कार्यक्रमको व्यवस्था मिलाएको छु।

५०. सहकारी दर्ता, अनुगमन, निरिक्षण, व्यवस्थापन, नियमन तथा समग्र सहकारी क्षेत्रको विकासको  लागि रकम विनियोजन गरेको छु।

५१. प्रदेश बाली बिमा कार्यक्रम, कोल्ड स्टोर सहितको बजार मण्डी स्थापना, कृषि डिजिटलाइजेशन, च्याउ कार्यक्रमको लागि आवश्यक रकम बिनियोजन गरेको छु।



CamScanner

५२. भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय तर्फ रु २ अर्ब ७९करोड १९ लाख विनियोजन गरेको छु।

**वन तथा वातावरण**

## माननीय सभामुख महोदय,

५३. सहभागितामुलक ढंगले वनको द्विगो व्यवस्थापनको लागि वनमा आधारीत उधोगहरुको स्थापनाको लागि निजि तथा समुदायलाई प्रोत्साहित गर्नुका साथै जैविक विविधता जलाधार तथा सिमसार संरक्षणको लागि **बजेट विनियोजन गरेको छु।**

५४. वन डढेलो नियन्त्रण गर्नको लागि अग्निरेखा तयारी गरी डढेलो लाग्न नदिन र नियन्त्रणका उपायहरुको बारेमा समुदायस्तरमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

५५. बन्यजन्तु ओहर दोहर गर्ने जैविक मार्गको विकास गरी बन्यजन्तु अतिक्रमणबाट हुने मानवीय तथा बालीनाली क्षतिलाई न्युनिकरण गर्न क्षति वापत पिडितलाई उचित सहयोग उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरेको छु।

५६. साझेदारी बन सामुदायिक बन तथा कबुलियत बन क्षेत्रहरुमा तुलनात्मक लाभ हुने उच्च मुल्यका जडिबुटी र बन अनुकुल फलफूलको विरुवा रोपण तथा गैरकाष्ठ बन पैदावरको खेती लगाउन प्रोत्साहित गर्न **बजेट विनियोजन गरेको छु।**

५७. माथिल्लो तथा तल्लो तटीय क्षेत्र अन्तरसम्बन्धको आधारमा चुरेक्षेत्रको प्रभावकारी संरक्षणको लागि सरोकारवालहरुसँग समन्वय र सहकार्यमा एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गरी व्यवस्थित जलाधार



CamScanner

समृद्धिको आधार भन्ने मर्मलाई सार्थकता प्रदान गर्न **बजेट विनियोजन गरेको छु।**

५८. मधेश प्रदेशको आठ वटै जिल्लाहरुमा पानीको सतह घट्दै गइरहेकोले उक्त अवस्थालाई मध्यनगर गर्दै भूमिगत जल पुनरभरण र भूमिगत जलस्तरलाई बढाउन चुरे तथा भवार क्षेत्रमा जलाशय निर्माणको लागि **बजेट विनियोजन गरेको छु।**

५९. चुरे क्षेत्रको संरक्षण तथा व्यवस्थापन र चुरे जोगाउ मधेश बचाउ भन्ने नारालाई मुर्तरुप दिन भु तथा जलाधार संरक्षण ऐन तर्जुमा गर्न आवश्यक पहल गर्नुका साथै  पानीको उत्पादकत्व अभिबृद्धि गर्न चुरे संरक्षण संवाद कार्यक्रम र शहरी जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न **बजेट विनियोजन गरेको छु।**

६०. मुख्यमन्त्री हरित प्रदेश अभियान कार्यक्रमलाई निरन्तरता प्रदान गर्न प्रदेश भित्र रहेका खाली,सार्वजनिक जग्गा, नदी उकास, नहर/सडक किनार लगायतका स्थानहरुमा बहुउपयोगी बोटबिरुवाको बृहत बृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्न बजेट विनियोजन गरेको छु।

६१. वन पैदावरमा आधारीत लघु उधम विकास प्रवर्द्धन गरी वन क्षेत्रबाट रोजगारी तथा आय आर्जनका अवसरहरु सिर्जना गर्न व्यवसायिकरण हुनसक्ने वन पैदावरहरुको खेति प्रविधि विकासको लागि **बजेट विनियोजन गरेको छु।**

६२. प्रदेशभित्र रहेका धार्मिक एवं संस्कृतिक नदिनालाको पहिचान गरी ति नदिहरुको संरक्षण र सम्वर्द्धन गर्न संघिय तथा स्थानिय तहसँग समन्वय गरी प्रदेश प्रमुख नदिनाला नियन्त्रण तथा जल संरक्षण कार्यक्रम सञ्चालन गर्न **बजेट विनियोजन गरेको छु।**

६३. हरेक पालिकाको संस्कृतिक झल्को देखिने माटो पार्क, मधेश इतिहास पार्क, बाबासाहेब आम्बेडकर पार्क, मधेश प्रदेशमा जलवायु परिवर्तन बाट भएका असरहरु र यसका न्यूनिकरण सम्बन्धी अध्ययनका लागि आवश्यक रकम बिनियोजन गरेको छु।



CamScanner

६४. वन तथा वातावरण मन्त्रालय तर्फ रु २ अर्ब ४२ करोड ४० लाख २५ हजार विनियोजन गरेको छ ।

**श्रम तथा यातायात**

## माननीय सभामुख महोदय,

६५. मधेश प्रदेश सरकारले सीपयुक्त जनशक्ति, श्रमको सम्मान, सुनिश्चित रोजगार: समृद्ध मधेशको मुल आधार सहितको दुरदृष्टि राखी श्रम तथा रोजगार नीति २०७९ ल्याएको छ । सोहि नीतिले लिएको कार्यनीतिहरुलाई अवलम्बन गरि प्रदेश भित्रका वेरोजगार जनशक्तिका लागि रोजगारका अवसरहरु सृजना गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

६६. श्रम बजार सर्वेक्षणबाट प्राप्त सूचनाको आधारमा प्रदेश भित्र रहेका रोजगारका अवसरहरु पहिचान गरि रोजगार योग्य सीपहरुको सुचीकरण गरिनेछ। श्रम बजार सम्बन्धि सुचनामा प्रदेशको नागरीकका लागि सुलभ पहुँचको संयन्त्र निर्माण गर्ने आवश्यक व्यवस्था मिलाएको छु।

६७. प्रदेश भित्रका निजिक्षेत्रसँग रहेका रोजगारका अवसर र वेरोजगार विच सम्बन्ध स्थापना गर्न रोजगारदाता र रोजगारीको खोजकर्ताहरुको विशेष पोर्टल बनाईनेछ।

६८. प्रदेश भित्र र वाहिर सीपमा आधारीत रोजगार प्रवर्धनका लागि "मुख्यमन्त्री रोजगार कार्यक्रम" प्रभावकारी रुपमा संचालन गरिनेछ । यस अन्तर्गत प्रदेश भित्रका विपन्न, गरिब एवंम् सीप नभएकै कारण पछाडि परेका वेरोजगारहरु लाई सिप सहित वस्तुगत टेवा प्रदान गरि स्वरोजगार सृजना गर्न आवश्यक बजेट बिनियोजन गरेकोछु।

६९. लघु, घरेलु, साना, मझौला उद्यम व्यवसाय मार्फत आन्तरिक स्वरोजगार प्रवर्धन गर्नका लागि प्रदेश सरकारले "मधेश स्टार्टप र नवप्रवर्तन केन्द्र"का लागि रु.



CS CamScanner

१५ करोड विनियोजिन गरेको छ। यस सहयोगका माध्यमले उद्यमी/व्यवसायीहरुको व्यवसाय सुरुवाती जोखिम न्युन गर्ने प्रयास गरिनेछ।

७०. वैदेशिक रोजगारीवाट स्वदेश फिर्ता आएका श्रमिकहरुले भित्रियाएका सीप, अनुभव, विप्रेषण को उचित प्रयोग गर्ने वातावारण तयार गर्नका लागि "स्वरोजगार कार्यक्रम" संचालनमा गर्न रकम विनियोजन गरेको छ।

७१. रोजगारका लागि वैदेशिक रोजगारीमा जाने र फर्केर आउने व्यक्तिहरुको लागि सुरक्षीत आप्रवासन सहयोग कार्यक्रम तथा बैदेशिक रोजगारीबाट फिर्ता आएका व्यक्तिहरुका लागि सामाजिक एवं आर्थिक पुन: एकीकरण गर्न दातृ नियोगहरुको सहयोगमा परियोजनालाई विस्तार गरी सीपयुक्त जनशक्ति मात्र वैदेशिक रोजगारीमा जाउन भन्ने उद्देश्यले सीप विकास तालिम प्रदान गर्न आवश्यक व्यवस्था मिलाएको छ।

७२. श्रम शोषण, बाल श्रम उन्मुलन र अनौपचारीक क्षेत्रका श्रमीकहरुको सम्मानीत रोजगारका लागि प्रदेश भरी विशेष कार्यक्रमहरु संचालन गर्न बजेटको व्यवस्था गरेको छ।

७३. श्रमिक महिलालाई विशेष प्राथमिकता दिई मुख्यमन्त्री महिला स्वरोजगार उद्यमशिलतामा सहभागी गराईने गरि बजेट व्यवस्थापन गरेको छ।

७४. प्रदेशको राजश्वको मुख्य श्रोतको रुपमा रहेको सवारी साधनको राजश्व व्यवस्थापन गर्न प्रत्येक यातायात व्यवस्था कार्यलयलाई डिजिटलाईजेशन गरिनुका साथै भाडामा संचालनमा रहेको यातायात कार्यालयहरुलाई आफ्नै कार्यालय भवन निर्माणकालागी आवश्यक बजेट को व्यवस्था गरेको छ।

७५. प्रदेश सरकारले हलुका सवारी साधन खरिद गर्दा विधुतिय सवारी साधनलाई प्राथमिकतामा राखिने व्यवस्था मिलाएको छ।

७६. प्रविधिको प्रयोग मार्फत सवारी साधनहरुको भौतिक अवस्थाको निरन्तर परिक्षण गरि सुरक्षित आवागमन र दुर्घटना न्युनिकरणको सुनिश्चित्ताका लागि Vehicle



CamScanner

Fitness Testing Center (VFTC) निर्माण लगायत ड्राईभिङ्ग लाइसेन्स ट्राएल सेन्टरमा CCTV जडान गर्न आवश्यक रकम विनियोजन गरेको छु।

७७. प्रदेश सरकारका सावारी साधनहरुको दुरुपयोग रोकनका लागि सवारीहरुमा GPS जडान गर्ने व्यवस्था मिलाएको छु।

७८. दस हजार नागरिकलाई प्रदेश सरकारले बजार माग तथा आवश्यकतामा आधारित रहेर विभिन्न प्रकारका सिप विकास तालिम प्रदान गर्ने छ । उक्त कार्यक्रमबाट प्रत्यक्ष लाभांवित प्रत्येक नागरिकले कम्तिमा आफ्नो रोजगार वा स्वरोजगार स्थापना गरी दस हजार थप रोजगारीको अवसर श्रृजना हुने व्यवस्था गरेको छु । स्थानीय तहसँगको समन्वय र सहकार्यमा रोजगार सम्बन्धी कार्यहरु सञ्चालन गर्न अभ्यासलाई निर्न्तरता दिईने छ । स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रलाई सबल गराई मधेश मानव जनशक्ति बैंकको रुपमा विकास गर्दै लगिने छ।

७९. डिजिटल प्रदेशको सम्भाब्यता अध्ययन र यस प्रदेश अन्तर्गत हरेक जिल्लाको कम्तीमा पनि एक ठाउँमा डिजिटल ईकोसिष्टमको पाईलटिङ्गको लागि प्रारम्भिक कार्यका लागी रकम विनियोजन गरेको छु । यस ब्यबस्थाबाट स्वास्थ्य, शिक्षा लगायत अन्य आधारभूत सेवाहरु सर्वसुलभ रुपमा प्रदान गर्न मद्दत मिल्ने छ भन्ने आशा गरेको छु। यसको साथसाथै डिजिटल युगमा स्थानिय युवा जनशक्तिलाई परिचालन गरी रोजगारीको लागि उल्लेखनिय टेवा पुग्नेछ ।

८०. श्रम तथा यातायात मन्त्रालय तर्फ तर्फ रु ९९ करोड ९७ लाख ४८ हजार विनियोजन गरेको छु।

**उधोग,वाणिज्य तथा पर्यटन**

## माननीय सभामुख महोदय,

८१. भारत तथा तेस्रो मुलुकका स्थलमार्गबाट नेपाल आउने पर्यटकहरुलाई विश्राम स्थल, मधेश प्रदेशका पर्यटकीय स्थलहरुको जानकारी समाग्रीहरु र खानेपानी



CamScanner

शौचालय लगायतका सुविधाहरुको लागि पर्यटन सुचना केन्द्र तथा पर्यटक विश्रामस्थलहरुको लागि आवश्यक रकम विनियोजन गरिएको छ।

८२. विक्रम सम्बत् २०८२ लाई "घुमौं मधेश बुझौं मधेश" भन्ने मूल नाराका साथ मनाईने मधेश पर्यटन वर्षको पूर्व तयारीको लागि आवश्यक रकम विनियोजन गरेको छु।

८३. मधेश प्रदेशको पर्यटन गुरुयोजना बनाई बिभिन्न महत्वपुर्ण पर्यटकिय स्थलहरुलाई जोडि पर्यटन प्रवर्द्धन गर्नेकोलागी आवश्यक रकम बिनियोजन गरेको छु।

८४. मधेश प्रदेशको प्रादेशिक सौन्दर्यिकरणको लागि जनकपुर शहर सौन्दर्यीकरण तथा जनकपुरका पोखरीहरुको सौन्दर्यीकरण र मिथिला सँस्कृतिलाई प्रवर्द्धन गर्न समाग्रीकोलागि आवश्यक रकम विनियोजन गरेको छु।

८५. मधेश प्रदेशका धार्मिक पर्यटकीय स्थलहरुलाई जोडेर पर्यटन प्रवर्द्धन गर्नका लागि जानकी सर्किट तथा ८ जिल्लामा रहेको सबै पर्यटकिय स्थलहरुलाई ४ वटा पर्यटकिय सर्किटको रुपमा विकास गर्न परियोजना रिपोर्ट तयारिका साथै पर्यटन आकर्षणको लागि विभिन्न पर्यटकीय स्थलहरुको पुर्वाधार विकास र स्तरोन्नतिको लागि आवश्यक रकम बिनियोजन गरेको छु।

८६. पर्यटन क्षेत्रमा जनशक्ति विकासका लागि होटेल व्यवस्थापन तालिम, टुर गाईड तालिम, होम स्टे तालिम सञ्चालन प्रदान तथा होमस्टेका लागि प्रविधि हस्तान्तरण तथा साँस्कृतिक पर्यटनको लागि मिथिला साँस्कृतिक कार्यक्रम एवं सामग्री प्रदान गर्नको लागी आवश्यक रकम विनियोजन गरेको छु।

८७. पर्यटन क्षेत्रमा साहसिक पर्यटन तथा पर्या-पर्यटन प्रबर्द्धनको लागि कोशी नदि, चुरे क्षेत्र, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष आदिको पर्यटन पुर्वाधार विकासको लागि आवश्यक रकम विनियोजन गरेको छु ।



CS CamScanner

८८. पर्यटन प्रचार-प्रसारको पर्यटकीय स्थलहरुको विस्तृत विवरण भएको मधेश पर्यटन वेवसाईट तथा एप निर्माण एवं संचालनको लागि आवश्यक व्यवस्थाका साथै पर्यटन गाईड बोर्ड तथा पर्चा पम्पलेट एवं रेडियो, टेलिभिजन र अनलाईन सञ्चार माध्यम प्रयोग गरी मधेश पर्यटनको विकासको लागि आवश्यक रकम बिनियोजन गरेको छु।

८९. मधेश आ.ईटी पार्क,औद्योगिक कोरीडोरको सम्भाव्यता अध्ययन , ILO 169 का लागि अध्ययन, प्रदेशिक स्पेश तथा कम्युनिकेशन रिसर्च सेन्टर लगायतका स्थापनाका लागि आवश्यक रकम बिनियोजन गरेको छु ।

९०. मधेश प्रदेशमा उद्योग तथा पर्यटन क्षेत्रमा थप लगानी भित्रयाउना मधेश लगानी सम्मेलनको लागि आवश्ययक व्यवस्था गरेको छु।

९१. यूवा स्वरोजगार अभिवृद्धि गर्न उद्यमशिलता तालिम संगै स्टार्ट-अप पुँजी प्रदान तथा सीप विकास तालिमको लागी आवश्यक रकम विनियोजन गरेको छु।

९२. उद्यमी बजार प्रवर्द्धन तथा उपभोक्ता हकहित संरक्षणको लागि सचेतनाका लागि विभिन्न कार्यक्रमहरुको व्यवस्थाको लागी आवश्यक रकम विनियोजन गरेको छु।

९३. प्रदेश विशेष आर्थिक क्षेत्र (SEZ) को स्थापना गर्ने एवं मधेशमा उद्यमीमैत्री वातावरण सृजना गरी उद्योग र रोजगार अभिवृद्धि गर्ने आवश्यक व्यवस्था गरेको छु।

९४. उधोग, वाणिज्य तथा पर्यटन मन्त्रालय तर्फ रु २ अर्ब ९८ करोड ५८ लाख २२ हजार विनियोजन गरेको छु।

**शिक्षा तथा संस्कृति**

**माननीय सभामुख महोदय,**



CamScanner

९५. प्रदेश निर्वाचन क्षेत्रका ३९ वटा सम्बन्धन प्राप्त सामुदायिक प्राविधिक धार सञ्चालन भएका विद्यालयलाई सहयोगको लागि रु ३ करोड ९० लाख विनियोजन गरेको छु।

९६. प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रमा १ वटाका दरले सामुदायिक विद्यालयमा सञ्चालित बाल विकास कक्षाको व्यवस्थापनमा सहयोगको लागि रु १ करोड २८ लाख विनियोजन गरेको छु।

९७. प्रत्येक जिल्लामा एउटा सामुदायिक सिकाइ केन्द्रहरुलाई प्रविधियुक्त पुस्तकालयको रुपमा विकास गर्न रु २ करोड विनियोजन गरेको छु।

९८. प्रदेशका आठ वटै जिल्लाको संसदिय निर्वाचन क्षेत्रमा १/१ वटा विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्न भौतिक पूर्वाधार तथा क्षमता विकास गर्न रु १६ करोड विनियोजन गरेको छु।

९९. प्रदेशको आठवटै जिल्लामा १/१ वटा नमूनाको रुपमा खुल्ला शैक्षिक पार्क निर्माण गर्न रु ४ करोड विनियोजन गरेको छु।

**१००.** अति विपन्न डोम मुसहर चमार दुसाद हलखोर लगायत सिमान्तकृत जातजातिका बालबालिकाहरुलाई लक्षित गर्दै दलित शिक्षा अभियान कार्यक्रम सञ्चालन गर्न **बजेट विनियोजन गरेको छु।**

**१०१.** पुर्ण साक्षर मधेश प्रदेश – साक्षरता अभियान, टिच फर मधेश , जय मातृभुमि मधेशी भाषा, मधेशको इतिहास पठनपाठन, मधेश थिंक ट्यांक, मधेश आर्ट स्टुडियो , कोडिङ्ग आर्मी लगायतका लागि आवश्यक रकम बिनियोजन गरेको छु।

**१०२.** मधेशको पहिचान लोककला सहित्य संस्कृति भाषा कला लोकगित नृत्य संगित साहित्य संरक्षण सम्बर्द्धन तथा प्रवर्द्धनो लागि मधेश प्रदेश संस्कृतिक प्रतिष्ठान स्थापनाको लागि **बजेट विनियोजन गरेको छु।**

१०३. प्रदेशमा रहेका विद्यालय तथा विश्वविद्यालयहरुको भौतिक पुर्वाधार स्तरोन्नती गर्न आवश्यक बजेट विनियोजन गरेको छु।



CS CamScanner

१०४. मधेश स्वस्थ्य विज्ञान प्रतिष्ठानमा आ.व ०८१/८२ देखि M.B.B.S. , B.D.S, B.Pharmacy, BSc. M.L.T लगायतका स्नातक तहका कार्यक्रमहरु सञ्चालन गर्न कक्षा कोठा तथा भवन निर्माण गर्न बजेट विनियोजन गरेको छु।

१०५. शिक्षा तथा संस्कृति मन्त्रालय तर्फ रु २ अर्ब ९० करोड ५१ लाख ७६ हजार विनियोजन गरेको छु।

**गृह तथा सञ्चार**

## माननीय सभामुख महोदय,

१०६. प्रदेश सरकारको आधिकारीक कागजात तथा दस्तावेज छपाई कार्यलाई व्यवस्थित गर्नको लागि प्रदेश मुद्रण छापाखाना स्थापनाको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१०७. प्रदेश प्रहरी कार्यालयको प्रशासनिक भवन निर्माण कार्यको लागि १२ करोड विनियोजन गरेको छु।

१०८. प्रदेश भित्रमा आगलागि तथा मानविय एवं प्रकृति प्रकोप व्यवस्थापन कार्यको लागी वारुणयन्त्र खरिद कार्यको लागि रु ८ बजेट विनियोजन गरेको छु ।

१०९. मधेश आन्दोलनका शहिद परिवार तथा घाइतेहरुलाई सिप मुलक तालिम प्रदान गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

११०. गृह, सञ्चार तथा कनुन मन्त्रालय तर्फ रु ७७ करोड ५७ लाख ०४ हजार विनियोजन गरेको छु ।

**उर्जा, सिंचाई तथा खानेपानी**

## माननीय सभामुख महोदय,

१११. सौर्य ऊर्जाबाट संचालन हुने भूमिगत सिंचाई कार्यक्रमलाई नगदेवालीको प्रवर्द्धन गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

११२. खानेपानीको गुणस्तर परिक्षणका लागि प्रदेशस्तरीय खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गर्ने र निर्माणमा प्रयोग हुने साम्रगीहरुको लागि प्रदेशस्तरीय निर्माण सामाग्री परिक्षण प्रयोगशाला स्थापना गर्ने कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

११३. जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न हरित ग्याँसको खपतलाई कम गर्नको निम्ति मधेश प्रदेशभित्र वातावरणमैत्री विद्युतिय सावरी साधनको प्रयोगलाई बढाउने उद्देश्य राखी प्रदेशभित्रको पूर्व पश्चिम राजमार्ग र हुलाकी राजमार्ग अन्तर्गतका क्षेत्रहरुमा विद्युतिय चार्जिङ्ग स्टेशन निर्माणको लागि २ करोड विनियोजन गरेको छु।

११४. सिंचाई प्रयोजनको लागि भुमिगत जलश्रोत नक्सांकन तथा Recharging Zone को अध्ययनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

११५. शिवालिक-चुरे क्षेत्रभित्रका नदीहरुलाई एक आपसमा जोड्ने योजना (**Madhesh River Linking Project** ) को अध्ययन अनुसन्धान गरी सम्भाव्य भएका बहुउद्देश्यीय आयोजना (खानेपानी, सिंचाई नहर, भूमिगत जल पुनर्भरण, पर्यटन प्रवर्द्धन, लघु जलविद्युत समेत) लाई उच्च प्राथमिकतामा राखी प्रदेश गौरवको आयोजनाको रूपमा अगाडी बढाउनको लागि रु १ करोड बजेट विनियोजन गरेको छु ।

११६. मधेश प्रदेशमा २००० मेगावाट सम्मको सौर्य उर्जा उत्पादनका लागि सम्भाव्यता अध्ययन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

११७. उर्जा सिंचाई तथा खानेपानी मन्त्रालय तर्फ रु ५ अर्ब १७ करोड ९६ लाख ४२ हजार विनियोजन गरेको छु।

**खेलकुद तथा समाज कल्याण**

**माननीय सभामुख महोदय,**



CamScanner

११८. मधेश प्रदेशका प्रत्येक महिला उद्यमी तथा उद्यमी समुहलाई उद्यमशीलता प्रवर्द्धनको लागि आवश्यक प्राविधिक सहयोग तथा क्षमता विकासको लागि बजेट विनियोजन गरेको छु ।

११९. जेष्ठ नागरीकहरुको लागि विशेष सहयोग कार्यक्रम अन्तर्गत जेष्ठ नागरीक दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालनको लागि बजेट विनिययोजन गरेको छु।

१२०. बिरगंज महानगरपालिका वडा नं १५ अन्तर्गत नारायणी क्रिकेट रंगशालामा अन्तराष्ट्ररियस्तरको कृकेट प्रशिक्षण केन्द्रको स्थापनाको लागि आवश्यक विस्तृत अध्ययन प्रतिवेदन तयार गर्नको लागि बजेट विनियोजन गरेको छु ।

१२१. मधेश प्रदेश भित्र बसोबास गरेका भुमिहिन, विपन्न, सिमान्तकृत वर्गहरुलाई "मुख्यमन्त्री आवास सुरक्षा योजना" मार्फत प्रकृतिक रुपमा हुने विपद जोखिम विरुद्धको कार्यक्रमका लागि रु ३ करोड विनियोजन गरेको छु।

१२२. मधेश प्रिमियर लिग (MPL), मधेश ओलम्पीक स्पोर्टस केन्द्र, शहीद राममनोहर पार्क, किसान आन्दोलन पार्क, दलित युवा सशक्तिकरण लगायतका कार्यक्रमहरुको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१२३. नागरीकलाई प्रकृतिक लगायतका विपद जोखिमबाट उत्पन्न क्षतीलाई न्यूनिकरण गर्न तथा लक्षित वर्गको सुरक्षामा समेत टेवापुग्ने उदेश्यका साथ मुख्यमन्त्री जनधन सुरक्षा कार्यक्रमको लागि रु १ करोड विनियोजन गरेको छु।

१२४. युवा वर्गहरुलाई खेलकुद तर्फ आकर्षिक गर्न तथा खेलकुद क्षेत्रको प्रवर्द्धन गर्नको लागि युवाहरुको लागि स्पोर्ट्स सामाग्री प्रदान गर्नको लागि रु २ करोड ५० लाख विनियोजन गरेको छु।

१२५. खेलकुद तथा समाज कल्याण मन्त्रालय तर्फ रु १ अर्ब ९५ करोड ८३ लाख ५० हजार विनियोजन गरेको छु।



CamScanner

## भौतिक पुर्वाधार

## माननीय सभामुख महोदय,

१२६. एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम अन्तर्गत प्रत्येक निर्वाचन क्षेत्रमा ५-५ किलोमिटरका दरले सडक कालोपत्रे गरी सडक विकासलाई सन्तुलित एवं योजनाबद्ध रुपले निर्माण कार्य अगाडी बढाउन बजेट विनियोवजन गरेको छु।

१२७. एक निर्वाचन क्षेत्र एक पक्की पुल निर्माण कार्यक्रमलाई आवश्यकता अनुसार पुल निर्माण गर्नको आगामी आर्थिक वर्षदेखि कार्यान्वयनको चरणमा लग्न आवश्यक बजेट विनियोजन गरेको छु।

१२८. प्रदेश भित्र रहेका सम्पूर्ण पालिकाहरुलाई पक्की सडक संजाल मार्फत जोड्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१२९. मधेश शहिद लोकमार्गलाई स्तरोन्नती गर्न सहयोगी संस्था विश्व बैंक, एडिबि लगायतका वैदेशिक साझेदारहरुसँग आवश्यक समन्वय गरी उक्त राजमार्गको कार्य आगाडी बढाउन आवश्यक व्यवस्था मिलाएको छु।

१३०. स्थानिय तथा प्रदेशिक झोलुङ्गे पुल निर्माण तथा झोलुङ्गे पुल निर्माणमा उपलब्ध गराउदै आएको प्राविधिक सहयोगलाई निरन्तरता दिनुको साथै सडक पुल निर्माण हुन नसक्ने स्थानमा आवश्यकता अनुसार झोलुङ्गे पुल निर्माण गरिनेछ।

१३१. मधेश प्रदेशको प्रत्येक जिल्लामा एक बहुउद्देशिय सभाहल निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१३२. भौतिक पुर्वाधार मन्त्रालय तर्फ रु १३ अर्ब ११ करोड ५२ लाख ७४ हजार विनियोजन गरेको छु।



CamScanner

## स्वस्थ्य तथा जनसंख्या

## माननीय सभामुख महोदय,

१३३. संविधान प्रदत्त आधारभुत स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको मौलिक हकको प्रत्याभुत गराउन स्वास्थ्य सेवालाई थप विस्तार गर्न " मेरो स्वास्थ्य मेरो जिम्मेवारी भन्ने नाराका साथ पालिकाहरुको समन्यवयमा मधेश प्रदेशका प्रत्येक जिल्लामा नागरिक आरोग्य सेवा केन्द्र स्थापना तथा सञ्चालनको लागि यथेष्ट रकम विनियोजन गरेको छु।

१३४. आधारभुत स्वास्थ्य सेवाको विस्तारका लागि न्यूनतम सेवा मापदण्ड व्यवस्थापन तथा अस्पताल सुदृढीकरण कार्यक्रमलाई प्राथमिकतामा राखि बजेट विनियोजन गरेको छु।

१३५. किशोर किशोरीहरुलाई कुलतबाट बचाउन सुर्तीजन्य तथा मादक पदार्थ सेवन तथा लागुऔषध न्यूनीकरण कार्यक्रमलाई आवश्यक बजेट विनियोजन गरेको छु।

१३६. मधेश प्रदेशमा रहेको उच्च दरको आमा र शिशुको उच्च मृत्युदर न्यूनीकरण गर्न मातृ तथा नवजात शिशु स्वास्थ्य व्यवस्थापन प्रणाली Mother and Child Health Management system(MCHMS) का लागि रू. १० करोड विनियोजन गरेको छु।

१३७. मधेश प्रदेशमा बढ्दो स्वास्थ्य जोखिम र विरामी को अनुपातमा स्वस्थ्यकर्मीको संख्या न्यून रहेकाले प्रर्याप्त संख्यामा दरबन्दी सिर्जना गरी पदपुर्तिको प्रकृया अगाडी बढाउन मन्त्रालय तथा मातहतका निकायहरुको संगठन संरचनाको संगठन र व्यवस्थापन सर्वेक्षणको लागि रु.१ करोड विनियोजन गरेको छु।

१३८. प्रदेशवासीको स्वास्थ्य अवस्थालाई सुधार गर्न तथा सम्भावित स्वास्थ्य जोखिमको न्यूनिकरणका लागि मुख्यमन्त्री घरदैलो स्वास्थ्य कार्यक्रम सञ्चालनलाई निरन्तरता दिएको छु।



CamScanner

१३९. सुत्केरी र गर्भवती आमा तथा विधालय बालबालिकाको न्यूनतम पोषणको सुनिश्चितताका लागि सुत्केरी तथा गर्भवती आमा र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको लागि किशोरी हरुलाई साप्ताहिक Iron, Folic acid and Albendazole वितरणका लागि रू. ३ करोड विनियोजन गरेको छु।

१४०. हरेक जिल्लामा पुर्ण सुसज्जित मेडिकल उपकरण सहितको मोबाईल एम्बुलेन्स व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१४१. स्वस्थ्य तथा जनसंख्या मन्त्रालय तर्फ रु ५ अर्ब २१ करोड ६५ लाख ०६ हजार विनियोजन गरेको छु।

## सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन

## माननीय सभामुख महोदय,

१४२. सार्वजनिक सेवा प्रवाहलाई प्रविधिभैत्री बनाई पारदर्शिता सुनिश्चित गर्ने, प्रक्रिया सरलीकृत गर्ने, सेवाको समय र लागत घटाइनेछ। सूचना प्रविधिको विकास र विस्तार गरि सेवा प्रवाहलाई मुहाररहित, कागजरहित बनाउन आवश्यक बजेट विनियोजन गरेको छु।

१४३. कर्मचारीहरुको क्षमता अभिबृद्धि र जनप्रतिनिधिहरुको अभिमुखीकरण र विभिन्न नीतिगत विषयहरुमा अध्ययन अनुसन्धान गर्न गठित प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको सञ्चालन, भौतिक संरचना निर्माण, मर्मत सम्हार र आधुनिकीकरण गर्न बजेट विनियोजन गरेको छु।

१४४. बजेट अनुशासन कायम गर्न मध्यमकालीन खर्च संरचना मार्फत बजेटलाई अनुमानयोग्य बनाइनेछ। आयोजनाको पहिचान, प्राथमिकिकरण र प्रतिफल सुनिश्चित हुने गरी आयोजना बैंकमा प्रविष्टि गरि रकम विनियोजन गरिनेछ। प्रदेश सरकारद्धारा प्रदान गरिने अनुदानलाई व्यवस्थित र प्रभावकारी बनाउन अनुदान कार्यविधि बनाई लागु गरिनेछ।



CamScanner

१४५. नेपाल सरकारबाट सुनिश्चित गरेको तलवमान र भत्ता लाई प्रदेश सरकारका निजामती कर्मचारीहरुमा समेत लागु हुने गरी बजेट व्यवस्था मिलाएको छु। साथै आन्तरिक पर्यटन कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिएको छु।

१४६. नागरिकले सार्वजनिक सेवा र विकास निर्माणका कार्यमा गरेका लगानी सम्वन्धी योगदानको सूचना राखिनेछ। साथै, सार्वजनिक खर्चबाट भएका क्रियाकलापहरुबाट स्थानीय स्तर नै सिर्जना भएका आन्तरिक रोजगारीको सूचना राखिनेछ।

१४७. प्रदेश सरकार अन्तर्गतका निकायहरुले कार्यान्वयन गर्ने विकास निर्माणका कार्यहरु खुला एवं प्रतिस्पर्धी खरिद विधि अनुसार गरिनेछ। ससाना सार्वजनिक निर्माणका कार्यहरु गर्नुपरेमा वित्तीय हस्तान्तरणको माध्यमबाट स्थानीय तह मार्फत कार्यान्वयन गर्ने नीति लिइनेछ। नागरिकको आयोजनाप्रति प्रतिको स्वामित्व र अपनत्वका लागि पारदर्शी कार्यान्वयन प्रक्रिया सहित नागरिक नेतृत्व सहजीकरण संयन्त्र परिचालन गरिनेछ।

१४८. मधेश प्रदेशको स्वास्थ्य, सरसफाई र शिक्षाको अवस्थामा सुधार गर्न विशेष क्षेत्र लक्षित गरी लगानी खाँका (Financial Framework) तयार गरी कार्यान्वयनमा ल्याइनेछ। यस अनुसार संविधानले प्रवन्ध गरेको विशेष अनुदान सम्वन्धी व्यवस्थालाई प्रभावकारी गराउन संघ र स्थानीय तहसँग समेत सहजीकरण र सहकार्य गरिनेछ।

१४९. "मधेशको आधार पानी" लाई मधेश गौरबको रुपमा लिइनेछ। यस अनुसारका दिर्घकालीन र अल्पकालीन कार्यक्रमहरु परिपूरक गराइ कार्यान्वयनमा लगिनेछ। यस क्षेत्रलाई उर्वर वनाउने शक्तिको रुपमा मधेशका नदीहरु जोड्ने आन्तरिक नहर (Inter-Basin River Canal) परियोजना शुरु गरिनेछ। यस परियोजनाबाट मधेशको जीवनरेखा (Life Line) को रुपमा रहेका वागमती-कमला-रातु- नदीहरुलाई जोड्ने गरी चुरेको फेदीमा वृहद् नहरको निर्माण शुरु



CamScanner

गरिनेछ। यसका लागि चालु आर्थिक वर्षमा संभाव्यता अध्ययन गर्ने रु. १ करोड वजेट छुट्याएको छु। यस परियोजनाका लागि प्रदेशबाट स्थानीय तहमा कार्यान्वयनमा जाने आयोजनाहरुलाई बजेटमा समावेश गरी विषयगत मन्त्रालयहरु प्रगति लक्ष्यका लागि जिम्मेवार हुने गरी वित्तीय हस्तान्तरण खास विधिमा आधारित भई वितरण गरिएको छ।

१५०. सबै पालिकाहरुलाई राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिश अनुसार रु १ अर्व १८ करोड ८ लाख ४० हजार प्रदान गरिनेछ।

१५१. स्थानीय तह आफैले आयोजना छनौट गर्ने गरी मधेशको सुख्खाग्रस्त समस्याको सम्वोधन गर्न महानगरपालिकालाई रु १ करोड ७५ लाख, उपमहानगरपालिकाहरुलाई प्रति उपमहानगरपालिका रु १ करोड २५ लाख, नगरपालिकाहरुलाई प्रति नगरपालिका रु ९५ लाख र गाउँपालिकाहरुलाई प्रति गाउँपालिका रु ८० लाखका दरले जम्मा रु १ अर्व २१ करोड ७५ लाख अनुदान प्रदान गरिनेछ। यसै गरी मधेशको सामाजिक विकास सूचकांङ्कमा कमजोर रहेको स्वास्थ्य र सुख्खा क्षेत्रको समस्याको सम्वोधन गर्ने गरी पालिका आफैले परियोजना छनौट एवं कार्यान्वयन गर्ने गरी प्रति पालिका रु ३० लाखका दरले विशेष अनुदान र रु २० लाखका दरले समपुरक अनुदान प्रदान गरिनेछ। यसका लागि रु ३ अर्व ७ लाख ६३ हजार अनुदान प्रदान गर्ने गरी बजेटको व्यवस्था गरेको छु। यसबाट सही अर्थमा वित्तीय संघीयताको सिद्दान्त अनुसार प्रदेशले स्थानीय सरकारहरुलाई सहजीकरण गरेको सन्देश प्रवाह गरिनेछ।

**माननीय सभामुख महोदय,**

अब म क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु।

१५२. आगामी आर्थिक वर्षका लागि कुल खर्च रु.४३ अर्व ८९ करोड २१ लाख ७० हजार विनियोजन गरेको छु। कुल विनियोजनमध्ये चालुतर्फ रु. १६ अर्व



CamScanner

०७ लाख ०१ हजार अर्थात् ३६.४५ प्रतिशत, पुँजीगततर्फ रु. २७ अर्ब ८९ करोड १४ लाख ६९ हजार अर्थात् ६३.५५ प्रतिशत । यो खर्च अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा प्रतिशतले ०.५० प्रतिशत घटी हो।

१५३. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु. ९ अर्ब ०७ करोड ३० लाख, वित्तीय हस्तान्तरण अनुदान तर्फ वित्तीय समानीकरण अनुदानबाट रु. ७ अर्ब ७९ करोड ९२ लाख तथा शसर्त अनुदानबाट रु. ३ अर्ब ५५ करोड ७८ लाख हजार गरी जम्मा रु. ११ अर्ब ३५ करोड ७० लाख , संघिय राजस्व बाँडफाँटवाट रु. १३ अर्ब ६० करोड र गत वर्षको नगद मौज्दातबाट रु. ७ अर्ब ८६ करोड २१ लाख ७० हजार व्यहोर्दा रु. २ अर्ब न्यून हुनेछ। सो न्यून पूर्ति गर्न आन्तरिक ऋणबाट रु. २ अर्ब जुटाइनेछ। राजस्व, वित्तीय हस्तान्तरण, नगद मौज्दात र संघिय बाँडफाँटवाट प्राप्त श्रोत परिचालन गर्दा नपुग हुने रकम आन्तरिक ऋणबाट व्यहोरिनेछ।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८१/८२ को राजश्व परिचालन नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१५४. राजश्व प्रशासन महाशाखा सुदृढीकरण गरी कर तथा गैर कर चुहावट न्यूनीकरण गरिने गर्ने व्यवस्था मिलाएको छु।

१५५. प्रदेशको राजश्व अभिबृद्धिको लागि गरिएको अध्ययन अनुसन्धान प्रतिवेदनको सुझावहरुलाई प्राथमिकता निर्धारण गरी क्रमशः कार्यान्वयन गर्ने व्यवस्था मिलाएकोछु।



CamScanner

**माननीय सभामुख महोदय,**

१५६. आर्थिक वर्ष २०७९/८० को यथार्थ खर्च, आर्थिक वर्ष २०८०/८१ को संशोधित अनुमान र आर्थिक वर्ष २०८१/८२ को अनुमानित आय व्ययको विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु।

१५७. मैले प्रस्तुत गरेको बजेटको कार्यान्वयनबाट उपलब्ध स्रोत र साधनको अधिकत्तम उपयोग र समन्यायीक वितरण भई नागरिकको जीवनस्तरमा सुधार हुने र उच्च तथा फराकिलो आर्थिक बृद्धि हुने अपेक्षा गरेको छु। सार्वजनिक सेवा प्रवाहको प्रभावकारितामा अभिबृद्धि भई सुशासन प्रबर्द्धनमा सहयोग पुग्ने विश्वास लिएकोछु। सरोकारवाला सवैको रचनात्मक सहयोग, सुझाव र सहकार्यको अपेक्षा गरेको छु।

१५८. अन्त्यमा, समृद्ध मधेश ध्येयका साथ ल्याईएको यस बजेट तर्जुमाको क्रममा दिशानिर्देश गर्नु हुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय सभामुख/उपसभामुखज्यू, माननीय मन्त्रीज्यूहरु, माननीय प्रदेश सभा सदस्यज्यूहरु, प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्षज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। साथै बजेट निर्माणका क्रममा सुझाव प्रदान गर्नु हुने राजनैतीक दलहरु, अर्थविद्, विभिन्न क्षेत्रका विषय विज्ञहरु, राष्ट्रसेवक कर्मचारीहरु, नीजि क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, गैर आवासिय नेपाली नागरिकहरु,विकास साझेदार राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ संस्थाहरु र आम नागरिकहरु प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु।

साथै प्रस्तुत बजेटको सफल कार्यान्वयनबाट प्रादेशिक हित, एकता र स्वाभिमानमा अभिवृद्धि भई संघीयता संस्थागत हुनमा सघाउ पुग्ने र प्रभावकारी गुणस्तरीय सेवा प्रवाह हुने तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबै क्षेत्रबाट योगदान हुने विश्वास लिएको छु ।

धन्यवाद।



CS CamScanner

CamScanner